नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

धुलिखेल, काभ्रे

टेलिफोन नं.०११-४१५०५५
फ्याक्स नं.०११-४१५०७८

प.सं. :- २०८२।८३

परीक्षा शाखा

मितिः २०८३/०३/०५

च.नं. :-

## जुनियर नापी तालिम (प्रदेश/स्थानीय तह) को लागि आवेदन आह्वान सम्बन्धी सूचना।

प्रस्तुत विषयको सन्दर्भमा यस केन्द्रको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार २४ जना नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूह, रा.प. अनंकित प्रथम तथा द्वितीय श्रेणीका कर्मचारीहरुलाई आन्तरिक प्रतिस्पर्धाको आधारमा १२ महिना अवधिको जुनियर नापी तालिम (प्रदेश/स्थानीय तह) प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवा अन्तर्गत इन्जिनियरिङ सेवा सर्भे समूहका कर्मचारीको लागि तालिम संचालन गर्ने लक्ष्य रहेकोले देहाय बमोजिमको योग्यता पूरा भएका इच्छुक स्थायी कर्मचारीहरुलाई सलंग्न आवेदन फारम भराई सिफारिस साथ मिति २०८३/०३/२६ गते सम्म केन्द्रबाट आवेदन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

१.आवश्यक न्युनतम योग्यता

क) प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवा अन्तर्गत नेपाल इञ्जिनियरिङ सेवा, सर्भे समूहमा कार्यरत स्थायी कर्मचारी हुनुपर्ने।

ख) जेष्ठताको गणना लोक सेवा आयोगले अवलम्बन गर्ने प्रक्रिया बमोजिम हुने।

२. संलग्न गर्नुपर्ने कागजात

क) सम्बन्धित प्रदेश वा स्थानीय तहको सिफारिस।

ख) शुरु तथा हाल कार्यरत पदमा नियुक्ति हुँदाको नियुक्ति पत्रको प्रतिलिपि।

ग) शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि।

३. आवेदन फारम साथ तत्-तत् निकायको सिफारिस सहित कार्यालयको आधिकारिक पत्र पेश गर्नुपर्नेछ। उक्त सिफारिसमा कार्यपालिकाको निर्णय वा मेयर/अध्यक्षको दस्तखत समेत हुनुपर्नेछ।

४. प्रशिक्षण वापत कुनै शुल्क लाग्ने छैन।

५. सिफारिस पत्र सहितको आवेदन फारम र शैक्षिक योग्यताको प्रमाण पत्र स्क्यान गरी केन्द्रको आधिकारीक इमेल info@lmtc.gov.np मार्फत वा स्वयम् उपस्थित भइ बुझाउन सकिनेछ।

६.आवश्यक न्यूनतम योग्यता लगायत अन्य आवश्यक कागजातहरु नपुगेको देखिएमा केन्द्रले जुनसुकै बखत आवेदन बदर गर्न सक्नेछ।

७.तोकिएको मिति भन्दा पछि प्राप्त भएका दरखास्त उपर कुनै कारबाही हुने छैन।

८.आवेदन फारम स्वीकृत भएपछि यस केन्द्रबाट प्रवेश पत्र प्रदान गरिनेछ।

९.प्रशिक्षार्थीको छनौट विद्युतीय माध्यम (कम्प्युटर प्रणाली) बाट हुनेछ।

१०. आवेदन फारम केन्द्रमा २०८३ असार २६ सम्म आइपुग्नु पर्नेछ। बढीमा २४ जना प्रशिक्षार्थी लिखित परीक्षा मार्फत छनोट गरिनेछ। लिखित परीक्षा मिति २०८३/०३/२९ गते यसै केन्द्रमा हुनेछ।

११.लिखित परीक्षाको अन्तिम नतिजा केन्द्रको वेबसाइट र सूचनापाटीमा सोहि दिन प्रकाशन गरिनेछ।

१०.तालिम मिति २०८३/०४/०१ गते शुक्रबारबाट शुरु हुनेछ।

११.अन्य जानकारीको लागि भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, काभ्रेपलाञ्चोकको फोन नं. ०११-४१५०५५ मा सम्पर्क गर्न वा कार्यालयमै सम्पर्क राख्न वा केन्द्रको वेबसाइट www.lmtc.go.np बाट समेत जानकारी प्राप्त गर्न सकिनेछ।

"व्यवसायिक र सृजनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

# अनुसूची १

**(दफा १२ को उपदफा (१) को खण्ड (घ) र दफा १[illegible] को उपदफा (१) को खण्ड (ग) संग सम्बन्धित)**

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र**
धुलिखेल, काभ्रेपलाञ्चोक

| प्रस्ट मुखाकृत देखिने पासपोर्ट साइजको फोटो यहाँ टाँस्ने र उम्मेदवारले फोटो र फारममा समेत पर्नेगरी दस्तखत गर्ने। |
|---|

दर्ता नं:- मिति:-

**श्रीमान कार्यकारी निर्देशकज्यू**
**भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र**
**धुलिखेल, काभ्रेपलाञ्चोक।**

विषयः- जुनियर नापी तालिम (आन्तरिक प्रतिस्पर्धा) को लागि आवेदन पेश गरेको बारे।

त्यस केन्द्रको मिति २०.......।.......।.......मा केन्द्रको वेबसाइटमा प्रकाशित सूचना अनुसार आ.व. २०...../.....,मिति २०.....।.....।..... देखि संचालन हुने ***जुनियर नापी तालीममा*** सरिक हुनका लागि निम्नानुसार विवरण खोली आवश्यक प्रमाण-पत्रहरुको प्रतिलिपि ..... थान यसै साथ संलग्न राखी यो निवेदन पेश गरेको छु।

**(क) व्यक्तिगत विवरण**

१. उम्मेदवारको नामथर (नेपालीमा): ..................................................................................................
(अंग्रेजी ठूलो अक्षरमा): ..................................................................................................

२. स्थायी ठेगाना:-प्रदेश ........................ जिल्ला ...................... गा.पा./न.पा .................... वडा नं .........................

३. जन्म मिति:- वि.सं. ................................................. ई.सं. ..................................................................

४. उम्मेदवारको बाबु र आमाको नाम, थर:- ..................................................................................................
उम्मेदवारको बाजेको नाम, थरः ..................................................................................................

५. हाल कार्यरत कार्यालयः ................................ पदः .................................. नियुक्ति मितिः ..........................

६. सम्पर्क फोन नं.:-............................................ मोवाईल नं.:- ..................................................................

**(ख) शैक्षिक योग्यता सम्बन्धी विवरण:-**

| योग्यता | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण भएको साल | प्रतिशत/ ग्रेड | मुख्य-मुख्य विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**(ग) तालीम सम्बन्धीविवरण:-**

| तालीमको नाम | तालीम प्राप्त गरेको संस्थाको नाम | तालीम प्राप्त गरेको साल | श्रेणी | तालीमको मुख्य विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

सम्बन्धित उम्मेदवारको दस्तखतः ..................................................

मितिः २०......।......।......

सिफारिस गर्ने निकाय/कार्यालय/विभागीय प्रमुखको दस्तखतः

पदः
मितिः
निकाय/विभाग/कार्यालयः

नेपाल सरकार

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

धुलिखेल, काभ्रेपलाञ्चोक

प्रस्ट मुखाकृत देखिने पासपोर्ट साइजको फोटो यहाँ टाँस्ने र उम्मेदवारले फोटो र फारममा समेत पर्ने गरी दस्तखत गर्ने।

सिनिय / जुनियर नापी तालिम(आन्तरिक प्रतिस्पर्धा) प्रवेश परीक्षा

**प्रवेश-पत्र**

परीक्षार्थीको नाम, थरः- ..............................................................

स्थायी ठेगानाः-..............................................................

परीक्षार्थीकोदस्तखतनमूना.......................................प्रमाणितगर्नेकोदस्तखतः- ..............................

---

**कार्यालयलेभर्नेः-**

रोलनं.:-..............................

परीक्षाकेन्द्रः-......................................................

मितिः- ......................

समयः- विहान/दिउँसो..............................................

## सिनियर / जुनियर नापी तालीम (आन्तरिक प्रतिस्पर्धा) का लागि प्रशिक्षार्थी छनौट परीक्षा सम्बन्धी व्यवस्था

१. विज्ञापनमा तोकिएको स्थान र म्यादभित्र आवेदन फारम दर्ता भइ सक्नुपर्छ।सो अवधि पछि सोझै वा हुलाकद्वारा प्राप्त आवेदन फारम स्वीकृत हुने छैन।

२. आवेदन फाराम विज्ञापनमा तोकिएको स्थानबाट प्राप्त हुनेछ।आवेदन फाराम साथविज्ञापनमा उल्लेख भए बमोजिमका प्रमाणपत्रहरुको प्रतिलिपिहरु संलग्न गर्नुपर्नेछ।

३. प्रवेशपत्र परीक्षा शुरु हुनु भन्दा१घण्टाअगाडिसम्म परीक्षा केन्द्रमा उपलब्ध गराइनेछ।

४. आवेदन दिने अन्तिम मितिसम्म विज्ञापनमा तोकिए बमोजिमको योग्यता पूरा गरिसकेको हुनुपर्नेछ ।

५. परीक्षामा सम्मिलित हुनको लागि प्रवेश-पत्र हराएमा कार्यालयको परिचय-पत्रलाई मान्न सकिनेछ ।

६. लिखित परीक्षामा प्राप्त अंकको योग्यताक्रमकाआधारमा प्रशिक्षार्थीको छनौट गरिनेछ।

७. तालीमका लागि सिफारिस गरिएको उम्मेदवार भर्ना हुन तोकिएको मितिभित्र भर्ना हुन नआएमा सिफारिस रद्द गरिनेछ र उक्त स्थानमा वैकल्पिक उम्मेदवार भर्ना गरिने छ ।

८. तालीमको लागि छनौट भएका उम्मेदवारहरुलेप्र शिक्षण केन्द्रको नीति नियमपुर्णरुपले पालन गर्नेछु भनी शर्तनामाको कागज गर्नुपर्नेछ।

**परीक्षार्थीले पालन गर्नुपर्ने नियम**

१. परीक्षार्थीले परीक्षाहलमा परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेश-पत्र वा कार्यालयको परिचयपत्र अनिवार्य रूपमा ल्याउनु पर्नेछ ।

२. परीक्षा सुरु हुने१५मिनेट अगाडी घण्टीद्वारा सूचनागरेपछि मात्र परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। परीक्षा शुरु भएको१५मिनेटपछि परीक्षामा सहभागी गराइने छैन।

३. परीक्षाहलमा किताब, कपी, कागज, चिटआदि ल्याउनु लैजानु हुँदैन।

४. परीक्षाहलमाअनुचित काम गरेमा परीक्षाबाट निष्काशन गरिनेछ।

५. परीक्षा केन्द्र यस केन्द्रको विज्ञापन वा सूचनामा उल्लेख गरिए अनुसार हुनेछ।

६. परीक्षाहल भित्र हल्ला गर्न पाइनेछैन। कुनै उम्मेदवारले प्रश्नपत्रमा अक्षर अस्पष्ट भएमा सोध्नुपर्दाआफ्नो सिटबाट उठी अरुलाई बाधा नपर्ने गरी सोध्नुपर्नेछ।

७. परीक्षा हलमा मोवाईल ल्याउन पाईनेछैन तर क्यालकुलेटरको हकमा विज्ञापनमा तोकिए बमोजिम हुनेछ ।

८. परीक्षा सुरु भएको ४५मिनेट पछि मात्र परीक्षाहलबाट परीक्षार्थीलाई बाहिर जान दिइनेछ।